सम्बन्ध कायम राख्ने त्यो होइन जसले बदलामा सम्बन्ध कायम गर्छ, तर वास्तवमा सम्बन्धलाई जोगाउने त्यो हो जसले अरुले तोडे पनि उसले जोड्दछ ।

अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल
(सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सम्बन्ध कायम राख्ने त्यो होइन जसले बदलामा सम्बन्ध कायम गर्छ, तर वास्तवमा सम्बन्धलाई जोगाउने त्यो हो जसले अरुले तोडे पनि उसले जोड्दछ ।"
[सही] [बुखारीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, नातागोता प्रति सद्भाव र उनीहरुसँग सम्बन्ध कायम राख्ने आदर्श व्यक्ति त्यो होइन, जसले उसँग सद्भाव राखे मात्र बदलामा सद्भाव कायम राख्छ । बरु वास्तविक आदर्श व्यक्ति त्यो हो जससँग उसको आफन्तहरुले नातेदारी विच्छेद र दुर्व्यवहार गरे पनि तिनीहरूसँग सम्बन्ध जोडेर राख्छ र सद्भाव कायम राख्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/3854